**१.परिचय :**

**३. कक्षागत उद्देश्यहरू / सक्षमताहरु**

कक्षा त्रीनको अध्ययन पुरा गरेपछि इन्द्रावती परिचय विषयमा बालबालिकाहरू निम्नलिखित कार्यगर्न सक्षम हुनेछन् :

१.इन्द्रावती गाउँपालिकाको सामान्य परिचय बताउन ।

२. इन्द्रावती गाउँपालिकामा रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाउन ।

३. इन्द्रावतीका दुईजना सहिद वा ऐतिहासिक व्यक्तित्वहरूको सामान्य जानकारी ।

४.स्थानीय बिभिन्न पेशाका आधारमा रहेका थरहरूको सामान्य जानकारी ।

जस्तैः

५.छिमेकी वडामा रहेका प्रमुख धार्मिक स्थलहरूको पहिचान गरी परिचय दिन

६.स्थानीय रूपमा मनाउने  कुनै तीनवटा चाँडपर्वको बारे जानकारी दिन ।  जस्तै :ल्होसार, भूमेघ्याङ, दशैं, गाइजात्रा

७. स्थानीय भाषामा आफ्नो परिचय दिन । जस्तै :

नाम, ठेगाना, उमेर, आमाबुवा, रुची, अध्ययनरत विद्यालय, कक्षा आदि ।

८. स्थानीय रूपमा नापतौल सम्बन्धी शव्द

जस्तै : एक, दुई, तीन

(तामाङ् भाषामा)

त्यस्तै माझी वा अन्य भाषामा नापतौल सम्बन्धी ज्ञान र शव्द प्रयोग

९. स्थानीय रूपमा गाइने बालगीतहरू जस्तै :

१०.स्थानीय क्षेत्रमा बजाइने

मादल र  बिनायो बाजाको परिचय दिन

११.मारुनी नाचको सामान्य जानकारी दिन र नमूना प्रस्तुत गर्न ।

१२.गुन्यूचोलि र छेवार संस्कारमा गरिने कार्यहरूको बारे जानकारी दिन ।

१३.स्थानीय रूपमा खाइने खाद्यवस्तुहरूको सूची बनाउन ।

जस्तै :ढिडो, गुन्द्रुक, दाल, भात, खिर, जाउलो, सूजिको हलुवा, मकै, भटमास, रोटी आदि

१४.ऋृतु अनुसार हुने खेतीपातीको सूची बनाउन ।

१५.धान खेती गर्न अपनाइने प्रक्रिया बारे बताउन ।(कुनै लोपान्मुख खेती भए हुने)

१६.घरायशी प्रयोजनमा आउने खाद्य सामग्रीहरूको सूची तयार गर्न र सोको आपूर्ति बारे बताउन ।

१७. बेमौसमी तरकारी खेतीको परिचय दिन ।

१८.स्थानीय रूपमा खेलिने खेलहरू खेल्न । जस्तै : (उल्लेखित खेलको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक महत्व मध्ये कुनै एउटाको सक्षमता उल्लेख गर्ने )

१९.विद्यालयमा बालबगैंचाको संरक्षणमा सहयोग  गर्न  ।

# इन्द्रावती गाउँपालिका
## स्थानीय पाठ्यक्रम – २०७७

विषय : इन्द्रावती परिचय

कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १.इन्द्रावती को भूगोल र प्राकृतिक सम्पदा | १.इन्द्रावती गाउँपालिकाको सामान्य परिचय बताउन । | इन्द्रावती गाउँपालिकाको सामान्य परिचय सम्बन्धी जानकारी । | सन्धुपाल्चोक जिल्लाको सबै स्थानीय तहहरु अंकित नक्सा, देखाएर इन्द्रवती गाउँपालिका पहिचान गर्न लगाउने । इन्द्रवती गा.पा.को १२ वटा वडाहरु अंकित नक्सा देखाएर गाउँपालिकाको नाम के हो ? यस गा.पा.मा कतिओटा वडाहरु छन् ? भनेर सोध्ने । विद्यार्थीहरुलाई समूहमा विभाजन गरी शब्द पत्ती दिएर सबै वडाको नाम मिलाउन, पढ्न र लेख्न लगाउने । नक्सा हेरेर आफ्नो र विद्यालय भएको वडा चिन्न र नाम भन्न लगाउने । इन्द्रवती गा.पा.को नक्सा कोरेर वडाहरु छुट्याउन लगाउने । इन्द्रवतीमा भएका मुख्य मुख्य | इन्द्रवती गा.पा.को १२ वडाहरु अंकित नक्सा, सिन्धुपाल्चोक जिल्लाको सबै स्थानीय तहहरु अंकित नक्सा, शब्दपत्ती भिडियो वा फोटाहरु आदी । | ह्मम्रो गाउँपालिकको नाम के हो ? । ह्मम्रो गाउँपालिका का सबै वडाहरुको नाम लेख्नुहोस् । ह्मम्रो गाउँपालिका क्षेत्रका मुख्य मुख्य स्थानको नाम बताउनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २. इन्द्रावती गाउँपालिकामा रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाउन । | इन्द्रावती गाउँपालिकामा रहेका मुख्य मुख्य प्राकृतिक सम्पदाहरूको सामान्य जानकारी । जस्तै : इन्द्रवती नदी, हाडी खोला, सिस्ने खोला,साल्नी डाँडो, थुम्के डाँडो, थले फाँट, ह्याप्ला झरना, ओर्खेनी दर्शनीय स्थल, बाटुले चौर, लहरेमाने डाँडा, भिसेन ढुंगो, हबेली, खड्पेश्वर गुफा आदी । | भौगोलिक स्थानहरुको भिडियो वा फोटा देखाएर छलफल गराउने, विद्यालय वरपरका मुख्य स्थानहरुमा  घुमाउने र छलफल गराउने ।<br><br>इन्द्रावती गाउँपालिका क्षेत्रमा रहेका प्राकृतिक सम्पदाहरु  के के छन् ? भनी साध्ने र विद्यार्थीहरुबाट आएका उत्तर सेतो पाटीमा टिपेर छलफल गर्ने । इन्द्रावती गाउँपालिका क्षेत्रमा रहेका मुख्य प्राकृतिक सम्पदाहरुको भिडियो वा फोटाह्रु देखाएर छलफल गर्ने । विद्यालय नजिकै कुनै प्राकृतिक सम्पदा भएमा विद्यार्थीहरुलाई भ्रमण गराउने र उक्त सम्पदाको बारेमा छलफल गरी लेख्न लगाउने । इन्द्रावती गाउँपालिका क्षेत्रमा रहेका मुख्य मुख्य प्राकृतिक सम्पदाहरुको सूची तयार गर्न लगाउने । आफूलाई मनपरेको प्राकृतिक सम्पदाको चित्र कोरेर रंग भर्न लगाउने । | भिडियो वा फोटाहरु आदी । | इन्द्रावती गाउँपालिका क्षेत्रमा कतिओटा प्राकृतिक सम्पदाहरु छन् ?<br><br>इन्द्रावती गाउँपालिका क्षेत्रमा  रहेका मुख्य मुख्य प्राकृतिक सम्पदाहरुको सूची तयार गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.स्थानीय जातजाति, व्यक्तित्व र जनसंख्या | ३. इन्द्रावतीका दुईजना सहिद वा ऐतिहासिक व्यक्तित्वहरूको सामान्य जानकारी । | इन्द्रावतीका दुईजना सहिद् वा ऐतिहासिक व्यक्तित्वहरुको सामान्य जानकारी । जस्तै :<br>(क)<br>(ख) | इन्द्रावतीका दुईजना सहिद् वा ऐतिहासिक व्यक्तित्वहरुको तस्विर देखाएर नाम बताउने । उनीहरु जन्मिएको टोल र वडा बताउदै नक्सामा सो स्थान देखाउन लगाउने । उनीहरुको जन्म र मृत्यु मिति लेखिएका कागजका टुक्राहरु फोटोको छेउमा टास्न लगाउने ।उक्त व्यक्तित्वहरुको चित्र कोर्न, नाम, जन्म मिति स्थान र मृत्यु भएमा सो मिति समेत लेख्न लगाउने । | तस्विरहरु र परिचय पुस्तिका आद्री । | सहिद् ...को परिचय दिनुहोस् । इन्द्रावतीका ऐतिहासिक व्यक्तित्व .....को बारेमा लेख्नुहोस् | ८ |
| | ४.स्थानीय कुनै एक जाती ( पेशाका आधारमा) को बारेमा बताउन । | ४.स्थानीय कुनै एक जाती (पेशाका आधारमा) को बारेमा सामान्य जानकारी । जस्तै:दनुवार | स्थानीय पेशाको आधारमा जात (थर) रहेका कुनै एक जातीका मानिसहरुको बारेमा भिडियो वा फोटाहरु देखाएर छलफल गराउने । कक्षामा त्यस्ता थर भएका विद्यार्थीहरु भएमा उनीहरुको परिचय दिन लगाउने । साथै आफनो परम्परागत पेशाकोबारेमा बताउन लगाउने र अन्य विद्यार्थीहरुलाई सुन्न लगाउने । विद्यालयको पहुँचमा त्यस्ता | भिडियो वा फोटाहरु आदी । | कुन काम गर्ने मानिसको पेशा र जात ( थर) एउटै हुदो रहेछ ? पेशा र जात ( थर) एउटै भएका मानिसकोबारेमा बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मानिसको घर भएमा विद्यार्थीहरुलाई भ्रमण गराई छलफल गराउने । उनीहरुको पेशा र थर किन एउटै भएको होला भनेर सोधखोज गरी लेख्न लगाउने । | | | |
| ३.इन्द्रावती भित्रका प्रमुख धार्मिक सम्पदाहरू | ५.छिमेकी वडामा रहेका प्रमुख धार्मिक स्थलहरूको पहिचान गरी परिचय दिन । | ५.छिमेकी वडामा रहेका प्रमुख धार्मिक स्थलहरूको पहिचान गरी परिचय सम्बन्धी सामान्य जानकारी । जस्तै : | तपाईको छिमेकी वडामा भएका मठ मन्दिरहरुको नाम बताउनुहोस् ? भनी सोध्ने र विद्यार्थीहरुले भनेको कुरा टिपेर छलफल गराउने । स्थानीय स्तरमा भएका प्रमुख धार्मिक स्थलहरुको फोटो वा भिडियो देखाएर वर्णन गर्ने । विद्यालय नजिकै कुनै धार्मिक स्थल भएमा भ्रमण गराई छलफल गर्ने । आफ्नो छिमेकी टोलमा भएको कुनै एक मठ मन्दिरको बारेमा सोधखोज गरी लेख्न लगाउने । | फोटाहरु, भिडियो आदी । | तपाईको छिमेकी वडामा भएका मठ मन्दिरहरुको नाम के के हो ?<br><br>तपाईको छिमेकी वडामा भएको कुनै एउटा मन्दिरको परिचय दिनुहोस् । | ६ |
| ५.स्थानीय चाँडपर्व | स्थानीय रूपमा मनाउने गरिदैं आएका कुनै दुईवटा चाँडपर्वको बारे जानकारी दिन । | स्थानीय रूपमा मनाउने गरिदैं आएका कुनै दुईवटा चाँडपर्वको बारे जानकारी दिन । जस्तै :ल्होसार, भूमेघ्याङ, दशैं, | - चाँडपर्वको सामान्य परिभाषा बताउने<br>- उल्लेखित नामहरू मध्ये कुनै तीनवटा चाँडपर्वको बारेमा विद्यार्थीको जानकारीमा रहेको कुरा बताउन लगाउने<br>- उक्त पर्वहरू मनाएको | चाँडपर्वको नाम उल्लेख भएको चार्ट, स्थानीय रूपमा चाँडपर्व मनाउँदै गरेका | कुनै दुईवटा पर्वको परिचय दिनुहोस् ।<br><br>कक्षाकार्यमा सक्रियताका आधारमा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तीज, मातातीर्थ ( आमाको मुख हेर्ने दिन ), | नाटकीकरण गराउने ।<br>- शिक्षकले थप सहजीकरण गर्ने | चित्रहरू, चाँडपर्वको नाम लेखिएका मेटाकार्डहरू र सोको सङ्क्षिप्त परिचय भएको चार्ट, भिडियो क्लिपहरू | मूल्याङ्कन गर्ने । | |
| ६.स्थानीय बोलीचाली | स्थानीय भाषामा वाक्य लेख्न र बोल्न ।<br><br>स्थानीय भाषा आफ्नो परिचय दिन | क. स्थानीय भाषामा वाक्य सङ्गति मिल्ने गरी बोल्न र लेख्नका लागि व्याकरणात्मक ज्ञान हुने गरी क्रियाकलाप गर्ने ।<br><br>परिचयका अङ्ग नाम, ठेगाना, उमेर, रूची, आमाबुवाको नाम, विद्यालयको नाम, कक्षा आदि) पूरा हुने गरी परिचय दिन | - स्थानीय भाषामा वाक्य गठन प्रक्रिया बारे जानकारी गराउने<br>- स्थानीय र नेपाली वाक्य लेखिएका कार्डहरू उपलब्ध गराएर जोडा मिलाउने खेल खेलाउने<br>- कक्षामा भएका विभाषी विद्यार्थीहरूलाई अभ्यासका लागि स्थानीय भाषी विद्यार्थीको जोडा बनाइ दिने ।<br>- आवश्यकताका आधारमा शिक्षकले सहजीकरण गर्ने । | -वाक्यपत्ती<br>- स्थानीय भाषामा कुराकानी गरिएका श्रव्यदृश्यका सामग्री | तपाईंलाई स्वागत छ स्थानीय भाषामा कसरी भनिन्छ ?<br><br>स्थानीय भाषामा आफ्नो परिचय दिनुहोस् । | ८ |
| ७.स्थानीय बाजागाजा र नाच | स्थानीय क्षेत्रमा बजाइने ...... र ........ बाजाको परिचय | स्थानीय क्षेत्रमा बजाइने ...... र ........ बाजाको परिचय र | - स्थानीय बाजाहरूको चित्र देखाउँदै ती बाजाको नाम बारे विद्यार्थीको पूर्व ज्ञान परीक्षण गर्ने | - चित्रहरू<br>- भिडियो<br>- बाजाहरू | - ..... बाजा कसरी बजाइन्छ ?<br>- ...... नाच | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दिन<br><br><br><br>...... नाचको सामान्य जानकारी दिन र नाचको नमूना प्रस्तुत गर्न । | ......<br><br><br><br><br>नाचको सामान्य जानकारी | -ती बाजाको सामान्य परिचय बताउने<br>- सम्भव भए बाजा नै प्रदर्शन गर्ने<br>र सोको आवाज सुनाउने<br>- ती बाजाहरूको चित्र कोर्न लगाउने<br>- विद्यार्थीको जानकारीमा रहेका नाचहरूको नाम बताउन मस्तिस्क मन्थन (Bren storming) गराउने ।<br>- आएका नामहरू बोर्डमा टिप्ने<br>- टिपिएका नामहरूबाट स्थानीय र अस्थानीय बाजाको नाम छुटाउन लगाउने<br>- ....... र ...... बाजाको बारे छलफल गराउने<br>- आवश्यक जानकारी दिने ।<br>(नाचका बारेमा पनि सोही क्रियाकलाप दोहऱ्याउने )<br><br>...... नाच नाच्न लगाउने ।<br>(सहजीकरणका लागि स्थानीय विज्ञ स्रोतव्यक्तिको सहयोग लिन सकिन्छ ।) | | कुन पर्वमा नाचिन्छ ?<br>- विद्यार्थीले तयार गरेको चित्रका आधारमा मूल्याङ्कन गर्ने । | |
| ८.स्थानीय संस्कार र | गुन्यूचोलि र छेवार संस्कारमा | जन्मदेखि मृत्यूसम्मका | - संस्कार बारे जानकारी दिने<br>- छेवार, गुन्यूचोली, स्थानीय | - उक्त संस्कारहरूसँग | - छेवार भनेको के हो | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रहन सहन | गरिने कार्यहरूको बारे जानकारी दिन ।<br><br>ढिडो, गुन्द्रुक बनाउने विधि बताउन | संस्कारहरूको सूची जस्तै : न्वारान, पास्नी, गुन्यूचोलो ( छोरी) छेवार (छोरा), विहे चारदाम, मृत्यू संस्कार डोवा, धुन्जे, घेवा आदि | रूपमा मनाइने संस्कार हुन् भनी बताउने<br>- ती संस्कारहरूको सामान्य जानकारी दिने ।<br>- उक्त संस्कारहरूसँग सम्बन्धित चित्र प्रदर्शन गर्ने ।<br>- ती चित्रको अनुकरण गरी चित्र कोर्न लगाउने | सम्बन्धित चित्र, भिडियो<br>- मेटाकार्ड | ? यस संस्कारमा के के गरिन्छ ? बताउनु होस् ।<br><br>- गुन्युचोली संस्कार भनेको के हो ? यस संस्कारमा के के गरिन्छ ? बताउनु होस् । | |
| ९.स्थानीय उब्जनीहरू | १४.ऋृतु अनुसार हुने खेतीपातीको सूची बनाउन । | ऋृतु अनुसार हुने खेतीपातीहरु जस्तै : धान, कोदो, मकै, आलु, गँहु, जौ, फापर, फलफूल तथा  तरकारीहरु आदीको सामान्य जानकारी । | धान कहिले रोपिन्छ ?  भनी साध्ने र विद्यार्थीहरुबाट आएका उत्तर सेतो पाटीमा टिपेर छलफल गर्ने ।  ऋृतु अनुसार लगाइने खेतीपाती सम्बन्धी भिडियो वा फोटाहरु देखाएर छलफल गराउने । उक्त छलफलका आधारमा विद्यार्थीहरुलाई  ऋृतु अनुसार समुहमा विभाजन गरी  ऋृतु अनुसार लगाइने खेतिपातीको सूची तयार गरी प्रस्तुत गर्न लगाउने । शिक्षकले आवशयक | भिडियो वा फोटाहरु आदी । | माघ फागुन महिनामा लगाइने कुनै चारओटा अन्नबाली नाम बताउनुहोस् ? वर्षा ऋृतुमा लगाइने अन्नबालीहरुको नाम लेख्नुहोस् । ऋृतु अनुसार | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सहजीकरण गर्ने । विद्यालय नजिकको खेतिपाती गरेको स्थानमा लगेर विद्यार्थीहरुलाई अवलोकन गराई छलफल गराउने । | | लगाइने खेतिपातीहरुको बारेमा अभिभावकसंग सोधखोज गरी लेखेर ल्याउन लगाउने । | |
| | १५.धान खेती गर्न अपनाइने प्रक्रिया बारे बताउन । | धान खेती गर्न अपनाइने प्रक्रिया बारे सामान्य जानकारी । | तपाईहरु क कसले धान रोप्नु भएको छ ? धान खेति गर्दा के के गर्नुपर्दछ ? जस्ता प्रश्नहरु सोधेर  विद्यार्थीहरुबाट आएका उत्तरहरु टिपोट गरी छलफल गर्ने ।  धान खेती गर्दा अपनाइने प्रक्रियाहरु जस्तै व्याड बनाउने, बीउ राख्ने, खेत जोत्ने, आलिबाँजो गर्ने, साउने, विऊ काड्ने र रोप्ने कार्यको भिडियो वा फोटाहरु देखाएर छलफल गराउने । विद्यालय नजिकमा धानखेती भएमा विद्यार्थीहरुलाई अवलोकन गराई किसानसंग छलफल गरेर  धान खेती गर्दा  गरिने कार्यहरुको बारेमा सोधखोज गरी समुहमा प्रतिवेदन लेख्न लगाउने शिक्षकले आवशयक सहजीकरण गर्ने । | भिडियो वा फोटाहरु आदी | धान खेती गर्दा के के गरिन्छ ? विद्यार्थीको सहभागिताका आधारमा मूल्यांकन गर्ने । | ६ |
| १०.स्थानीय | १६.घरायशी | घरायशी प्रयोजनमा | ऋाज विहान तपाईहरुले के के | स्थान्रीय | हामीले खाने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सीप, पेशा र व्यवसाय<br><br>(स्थानीय आर्थिक क्रियाकलाप ) | प्रयोजनमा आउने खाद्य सामग्रीहरूको सूची तयार गर्न र सोको आपूर्ति बारे बताउन । | आउने खाद्य सामग्रीहरूको सूची तयार गर्न र सोको आपूर्ति बारे सामान्य जानकारी । | खानु भयो ? भनेर विद्यार्थीहरुलाई सोध्ने उनीहरुबाट आएको उत्तर टिपेर घरायशी प्रयोजनमा आउने खाद्य सामग्रीहरूको बारेमा छलफल गर्ने । विद्यार्थीहरुको समुह बनाएर हामीले खाने खाद्य सामग्रीहरूको सूची तयार गर्न लगाउने । शिक्षकले आबश्यक सहजीकरण गर्ने । तपाइहरुले बजार वा पसलबाट के के सामान किन्नु भएको छ ? केही खानेकुरा बेच्नु पनि भएको छ ? भनी सोध्ने र आएका उत्तरमा छलफल गर्ने ।खाद्य सामग्रीहरू आपूर्तिका स्रोतहरु बताइदिने । विद्यार्थीहरुलाई पसले र उपभोक्ता भएर सामान किनबेच गरेको अभिनय गर्न लगाउने शिक्षकले आबश्यक सहजीकरण गर्ने । | स्तरमा पाइने विभिन्न सामग्रीहरु । | कुनै १० ओटा खाद्य सामग्रीहरूको सूची तयार गर्नुहोस् ?<br><br>हामीले खाने खाद्य सामग्रीहरूको आपूर्ति कसरी गरिन्छ ? | ८ |
| | १८. बेमौसमी तरकारी खेतीको परिचय दिन । | | | | | |
| ११.स्थानीय | १९.स्थानीय | | | | खेल खेलेको | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खेलहरू | रूपमा खेलिने खेलहरू खेल्न । जस्तै : (उल्लेखित खेलको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक महत्व मध्ये कुनै एउटाको सक्षमता उल्लेख गर्ने ) | स्थानीय रूपमा खेलिने खेलहरू जस्तै : | - स्थानीय खेलको परिभाषा बताउने<br>- …… खेल खेल्ने तरिका बारे बताउने<br>- खेल अभ्यास गराउने<br>- विजयी विद्यार्थी वा समूहलाई पुरस्कृत गर्ने । | खेलको नियम उल्लेख भएको चार्ट पुरस्कारहरू । | आधारमा मूल्याङ्कन गर्ने । | |
| १२.हरित विद्यालय | २०.विद्यालयमा बालबगैंचाको संरक्षणमा सहयोग गर्न । | विद्यालयमा बालबगैंचाको बालबगैंचाको संरक्षण सम्बन्धी सामान्य जानकारी । | विद्यार्थीहरुलाई विद्यालयको बाल बगैंचामा लगेर बोटविरुवा गोड्न, मलजल हाल्न लगाउने साथै बोटविरुवालाई घेराबारा लगाएर संरक्षण गर्न सकिने कुरा बताउने । विद्यालयमा बाल बगैंचाको संरक्षण सम्बन्धी भिडियो वा फोटाहरु देखाएर छलफल गराउने । गर्ने तरीकाहरु बउने । बाल बगैंचाको फाइदा र महत्वको बारेमा विद्याथीहरुलाई जानकारी गराउने । | भिडियो वा फोटाहरु | बालबगैंचाको किन संरक्षण गर्नु पर्दछ ?<br><br>बाल बगैंचा संरक्षण गर्दा के के गर्न पर्दछ ? कुनै पाँचओटा उपाएहरु लेख्नुहोस् । | ८ |